**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १५ सितम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकाताको विजय दुर्गस्थित भारतीय सेनाको पूर्वी कमाण्ड मुख्यालयमा तीन दिवसीय संयुक्त कमाण्डर सम्मेलनको उद्घाटन गर्नु भयो।

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले 'अभियन्ता दिवस' को अवसरमा महान अभियन्ता सर मोक्षगुण्डम विश्वेश्वरयलाई उनको जन्मजयन्तीमा श्रधन्जली अर्पण गर्नु भयो ।

- शिक्षक भर्ती घोटाला मामिलामा राज्यका पूर्व शिक्षामन्त्री पार्थ च्याटर्जीको जमानत याचिकाको सुनुवाइ आज कलकत्ता उच्च अदालतमा सम्पन्न भएको छ।

- गत केही दिन अघि नेपालमा भएको विरोध प्रदर्शनपछि दार्जिलिङका संसाद राजु विष्टले पानीट्याङ्कीमा अवस्थित भारत-नेपाल सीमाको भ्रमण गर्नु भयो ।

- जीटीएका प्रमुख कार्यपाल अनित थापाले आज शहरी विकास तथा नगर प्रशासन विभागका मन्त्री फिराद हाकिमलाई भेटनु भयो I

**<u>पीएम -कोलकता</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकाताको विजय दुर्गस्थित भारतीय सेनाको पूर्वी कमाण्ड मुख्यालयमा तीन दिवसीय संयुक्त कमाण्डर सम्मेलनको उद्घाटन गर्नु भयो। यस अवसरमा उहाँले सशस्त्र बलको बहादुरी र अपरेशन सिन्दूरमा उनीहरूको भूमिकाको प्रशंसा गर्नु भयो। सम्मेलनको उद्घाटन गर्नु हुदै प्रधानमन्त्रीले अपरेशन सिन्दूरमा महत्त्वपूर्ण भूमिका खेल्ने सैनिकहरूको जोडदार रूपमा प्रोत्सान गर्नु भयो र उनीहरूको मनोबल बढाउनु भयो । उहाँले भन्नु भयो,सेनाको योगदान केवल सुरक्षामा मात्र सीमित छैन, तर उनीहरूले राष्ट्र निर्माणमा पनि महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्। प्रधानमन्त्रीले भन्नु भयो,यो सैन्य अपरेशनको लागि मात्र प्लेटफर्म होइन, तर राष्ट्रिय सुरक्षाको व्यापक रणनीतिको लागि प्लेटफर्म हो। सुधार, परिवर्तन र भविष्यको लागि तयारी – यही नै हाम्रो दिशा हुनु पर्छ। उहाले सेनालाई नयाँ प्रविधि, डोमेन एकीकरण र साइबर र अन्तरिक्ष सुरक्षा जस्ता क्षेत्रहरूमा पनि द्रुत रूपमा बलियो बनाउन आवश्यक रहेको बताउनु भयो । प्रधानमन्त्रीले यस अवसरमा 'भारतीय सशस्त्र बल भिजन २०४७' दस्तावेजको अनावरण पनि गर्नु भयो। यो दस्तावेजले भविष्यका चुनौतीहरूको सामना गर्न सेनाहरूलाई तयार पार्ने दिशामा एक रोडम्याप प्रस्तुत गर्दछ।

***सम्मेलनमा रक्षामन्त्री राजनाथ सिंह, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, रक्षा प्रमुख जनरल अनिल चौहान, रक्षा सचिव राजेश कुमार सिंह र तीनै सेनाका प्रमुखहरू उपस्थित थिए। रक्षा मन्त्रालयका अनुसार, यस सम्मेलनमा सेनाको आधुनिकीकरण, संयुक्त अपरेशन, एकीकरण र बहु-डोमेन युद्ध क्षमता बढाउने जस्ता रणनीतिक विषयहरूमा छलफल भइरहेको छ। यो सम्मेलन प्रत्येक दुई वर्षमा आयोजना हुने एक शीर्ष-स्तरीय प्लेटफर्म हो, जहाँ देशको नागरिक र सैन्य नेतृत्वले रणनीतिक र संस्थागत प्राथमिकताहरू छलफल गर्दछ। यस वर्ष सम्मेलनको विषयवस्तु 'सुधार वर्ष - भविष्यको लागि रूपान्तरण' राखिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको पछिल्लो पाँच महिनामा पश्चिम बंगालको चौथो भ्रमण हो र एक महिना भित्र दोस्रो भ्रमण हो। उहा हिज साँझ असमबाट कोलकाता आइपुग्नु भयो***

***र राजभवनमा रात बिताउनु भयो । उहाले आज  बिहान लगभग साढे नौ  बजे सम्मेलन स्थल विजयदुर्ग पुगेर उद्घाटन सत्रमा लगभाग  चार घण्टा उपस्थित रहनु भयो ।***

**ममता ब्यानर्जी- अभियन्ता दिवस**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले 'अभियन्ता  दिवस' को अवसरमा महान अभियन्ता  सर मोक्षगुण्डम विश्वेश्वरयलाई उनको जन्मजयन्तीमा श्रधन्जली अर्पण गर्नु भयो। मुख्यमन्त्रीले शोशल मिडियामा एक पोस्ट गर्नु हुदै भन्नु भयो , "सर एम. विश्वेश्वरय्या र उनको जन्मजयन्तीमा उनको उल्लेखनीय योगदानलाई अभिवादन। सबै अभियन्ताहरूलाई ' अभियन्ता दिवस'को शुभकामना। उहाले अझ लेख्नु भयो, हामी उनको दूरदर्शिता र समर्पणमा गर्व गर्छौं।" उल्लेखनीय छ भारतका महान अभियन्ता  तथा  भारत रत्न सर विश्वेश्वरय्याको जन्मजयन्तीको सम्झनामा प्रत्येक वर्ष सेप्टेम्बर १५ मा देशभर अभियन्ता दिवस मनाइन्छ।

**पार्थ च्याटर्जीको  जमानत याचिका**

शिक्षक भर्ती घोटाला मामिलामा राज्यका पूर्व शिक्षामन्त्री पार्थ च्याटर्जीको  जमानत याचिकाको सुनुवाइ आज  कलकत्ता उच्च अदालतमा सम्पन्न भएको छ। न्यायाधीश शुभ्रा घोषको एकल पिठले हाललाई आदेश सुरक्षित राखेको छ। अब सबैको नजर तीन वर्षदेखि जेलमा रहेका पार्थ च्याटर्जी दुर्गा पूजाअघि रिहा हुन सक्छन् कि सक्दैनन् भन्नेमा छ। पार्थ च्याटर्जीले प्रवर्तन निर्देशनालयको मुद्दामा पहिले नै जमानत पाइसकेका छन्, तर उनी विरुद्धको सीबीआई मुद्दा अझै विचाराधीन रहेको कारण जेलबाट बाहिर आउन सकेका छैनन्। यस पटक यदि उनले सीबीआई मुद्दामा पनि राहत पाए भने प्रेसिडेन्सी जेलबाट उनको रिहाइको बाटो खुल्नेछ। सन् २०२२ मा शिक्षक भर्ती घोटालाको अनुसन्धानको क्रममा ईडीले पार्थ च्याटर्जी र उनका नजिकका साथी अर्पिता मुखर्जीको घरबाट ठूलो मात्रामा नगद बरामद गरेको थियो। यसपछि दुवैलाई पक्राउ गरिएको थियो।

**सेवा पर्व - नमामि गंगे**

सेवा र सुशासनको मन्त्र मार्गमा अघि बढदै, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले परिवर्तन र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। यस विशेष शृङ्खला - "सेवा पर्व" मा, हामी आज मोदी सरकारले नमामि गंगे अभियान मार्फत हाम्रो पवित्र गंगालाई कसरी पुनर्जीवित गरेको छ भन्ने बारेमा कुरा गर्नेछौं...

BYTE

**राजु विष्ट**

गत केही दिन अघि नेपालमा भएको विरोध प्रदर्शनपछि   दार्जिलिङका संसाद राजु विष्टलेनक्सलबारी खण्ड  अन्तर्गत पानीट्याङ्कीमा अवस्थित भारत-नेपाल सीमाको भ्रमण गर्नु भयो  । उहाले एक विज्ञप्ति जारी गर्नु हुदै भन्नु भयो,  परिस्थितिको जानकारी लिन मैले वरिष्ठ भन्सार अधिकारीहरू, सशस्त्र सीमा बलका महानिरीक्षक (आईजी) लाई भेटेर अन्तरक्रिया गरें। मैले नागरिकहरू, व्यापारीहरू, व्यापारिक समुदायका प्रतिनिधिहरू र अन्य सरोकारवालाहरूसँग पनि अन्तरक्रिया गरें। श्री विष्टले भन्नु भयो,पानीट्याङ्की सीमा एक महत्त्वपूर्ण जीवन रेखाको रूपमा काम गर्दछ, जुन दैनिक रूपमा ठूलो संख्यामा मानिसहरूको यात्रा र भारत-नेपाल व्यापार र वाणिज्यको लागि व्यापक रूपमा प्रयोग गरिन्छ। यस सीमाबाट हाम्रा दुई राष्ट्रहरू बीच ठूलो संख्यामा आवश्यक वस्तुहरू र सामानहरू आदानप्रदान गरिन्छ। नेपालमा हालै भएको विरोध प्रदर्शनलाई ध्यानमा राख्दै, पानीट्याङ्की र पशुपति फटकमा यात्रु आवागमन अस्थायी रूपमा सुस्त पारिएको थियो, आवश्यक वस्तुहरूको सीमित व्यापार र मानिसहरूको आवागमनलाई अनुमति दिइएको थियो।

**अनित थापा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले आज  शहरी विकास तथा नगर प्रशासन विभागका मन्त्री फिराद हाकिमलाई भेट गरी खरसाङ, दार्जीलिङ, कालेबुङ र मिरिक नगरपालिकाहरूमा अत्यावश्यक ढल निकास प्रणाली निर्माण तथा पानी आपूर्ति सुदृढिकरणका लागि विभागलाई तत्काल कारवाहीको माग गर्दै ज्ञापन बुझाएको  बताउनु भएको छ। उहाले एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै यस कुराको जानकारी गराउनु भएको हो I उहाले खरसाङ, दार्जीलिङ, कालेबुङ र मिरिक नगरपालिका

क्षेत्रहरूमा आधुनिक ढल (सेवरिज) प्रणाली निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न तथा लगानीको माग गरेको बताउनु भएको छ । यसरी नै मन्त्री फिराद हाकिमले पनि उचित पहल गर्ने आश्वन दिएको उहाले बताउनु भएको छ I

**खरसाङ नगरपालिका**

खरसाङ नगरपालिका क्षेत्रको फोहोर फ्याँक्ने शहरदेखि 7 किलोमिटर टाढा रहेको चाइना ओजी (सुन्तला पाखा) जाने रोड पानी झरीले धेरै भत्काएको कारणले मैला फ्याँक्न धेरै असुविधा भईरहेको जानकारी प्राप्त भएको छ। खरसाङ नगरपालिका क्षेत्रको मैलाहरु फ्याँक्ने ठाउँ जाने रोडको निरीक्षण आज खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ, भाइस चेयरम्यान सुवास प्रधान र कार्यकारी अधिकारी कैलाश प्रसाद र एसएईको टोलीले गरेका छन्। उक्त रोडको अवस्थाको निरीक्षण गरेपछि खरसाङ नगरपालिकाको तर्फबाट भाइस चेयरम्यान सुवास प्रधानले नगरपालिकाको मैलाहरु फ्याँक्ने ठाउँ जाने रोड पानी झरीले भत्काएको र केही दिनको लागि मैलाहरु फ्याँक्न नसकिने बताए। उनले बाटोमा बालुवा र बाटोको अवस्थालाई ध्यानमा राखेर खरसाङ नगरपालिका क्षेत्रको मैलाहरु केही दिनको लागि आफ्नै घरमा भेला पारेर राखिदिने अनुरोध गरेका छन्। उनले खरसाङ बजारको व्यवसायीहरु, दोकानेहरु र स्थानीयहरुलाई अनुरोध गर्दै केही दिनको लागि आफ्नै घरमा मैलाहरु संकलन गरिदिने आह्वान् गरेका छन्। भाइस चेयरम्यान सुवास प्रधानले मैला फ्याँक्ने ठाउँ जाने रोडको मरमत्तिको कार्य चाढै भएर मैलाहरु फ्याँक्न शुरु गरिने बताए। यसको साथै यो रोडको मरमत्तिको लागि खरसाङ नगरपालिकाको ठेकेदार संगठनलाई जानकारी गराइएको जानकारी प्राप्त भएको छ।

**********

**कैँजले-कविगोष्ठी**

कैँजले शब्द साधना मञ्च

**मुख्य समाचार**

समाचार

**मुख्य समाचार**

समाचार